तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी म्याद थप गरिएको सूचना

दोश्रो पटक प्रकाशित मिति २०८१/०९/०२

तिरहुत गाउँपालिकाको लागि तपसिल बमोजिमका पदमा तपसिल बमोजिमको संख्यामा देहाय बमोजिमको शैक्षिक योग्यता भएका कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा बेवसाईट https://tirahutmun.gov.np बाट उपलब्ध हुनेछ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माँग संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | स्नातक पशु चिकित्सक | छैंठो | १ (एक) | १०००/- |

आवश्यक न्यूनतम शैक्षिक योग्यता :

(१) पशु चिकित्सक प्राविधिक : पशुपन्छी विज्ञान (पशु चिकित्सक) तर्फ मान्यता प्राप्त विश्व विद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.V.Sc. & AH/B.V. Sc. वा सो सरहको स्नातक तह उतिर्ण भई नेपाल पशुचिकित्सा परिषद्मा दर्ता भएको।

दरखास्त दिने स्थान : तिरहुत गाउँपालिकाको कार्यालय, गोईठी, सप्तरी।

दरखास्त दिने अन्तिम मिति : दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन कार्यालय समय भित्र, सो दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोली पल्ट कार्यालय खुलेको दिन।

आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी।

(क) कार्यालयबाट उपलब्ध आवेदन फाराम।
(ख) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।
(ग) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपी।
(घ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी।
(ङ) विषयगत क्षेत्रका लागि आवश्यक पर्ने परिषद्मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी
(च) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो -३ प्रति।
(छ) परिक्षा दस्तुर तिरेको नगदी रसिद।

परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित तथा अन्तरवार्ता परिक्षा।

तलब तथा सेवा सुविधा तथा उमेरको हद : स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधी, २०८१ को परिच्छेद-१ (८) बमोजिम हुनेछ। पुरुषको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ।

दरखास्त दस्तुर : तिरहुत गा.पा.को आन्तरिक राजश्व खाता नं. 2332050029509002 एन.आई.सि. एसिया बैंकमा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।

अन्य :

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको।
(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ।
(घ) आवेदन फाराम यस गाउँपालिकामा सूचनामा तोकिएको परिक्षा दस्तुर तिरी प्राप्त गर्न सकिने छ।
(ङ) माथि उल्लेखित पदहरुको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ।

०८१/९/२

- प्रमुख प्रशासकीय अधिकृत

CamScanner